मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
२ नं. प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने को
नाम - हरि प्रसाद मण्डल
पद - नगर प्रमुख
दस्तखत -
मिति - २०७४/९/३०

मटिहानी नगरपालिका

आर्थिक ऐन, २०७४।०७५

सभाबाट स्वीकृत मिति :-	२०७४।०९।३०
प्रमाणिकरण मितिः	२०७४।०९।३०

आ.व. २०७४ को ऐन संख्या : .....

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
२ नं. प्रदेश, नेपाल

मटिहानी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोत्तरी

२ नं. प्रदेश, नेपाल

o

मटिहानी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्ताबलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना :

मटिहानी नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयनय गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मटिहानी नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम **"मटिहानी नगरपालिकाको आर्थिक ऐन, २०७४"** रहेको छ ।

२. यो ऐन मटिहानी नगरपालिका क्षेत्रमा आर्थिक बर्ष २०७४।०७५ को लागि लागु हुनेछ ।

१। **सम्पति करः** नगरपालिकाको क्षेत्र भित्र अनुसूची (१) मा उल्लेख भए बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

२। **भूमि कर (मालपोत)** नगरपालिका क्षेत्रभित्र अनुसूची (२)मा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३। **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३)मा उल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४। **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा, होटल, रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४)मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५। **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) मा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६। **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७। **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०। **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) मा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११। **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११ र १२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२। **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुंवाट अनुसूचीमा उल्लेख भएको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३। **घर कर :** सर्भे नापी नभएको, तिरो नलाग्ने साविक गाउँ ब्लकभित्र बनेका घरहरुमा अनुसूची (१३) मा उल्लेख भए बमोजिम घर कर लगाइने र असुल उपर गरिने छ।

१४। **कर छुटः** तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१६। **चालु आ.ब. मा यस पहिले संकलन गरी आएको कर तथा दस्तुर यसै ऐन बमोजिम संकलन भएको मानिने छ । अनुसुचीमा उल्लेख नभएका हकमा साविक कायम रहेको करको दर कायम हुनेछ । साविकमा समेत उल्लेख नभएको क्षेत्रमा नगरपालिकाले करको दर कायम गरी लागू गर्नेछ ।**

आर्थिक ऐनका अनुसूचीहरु संलग्न छनः

मटिहानी नगरपालिका

लागि आ.ब. २०७४/०७५ को लागि लागू हुने कर, दस्तुर तथा सेवा शुल्क

अनुसूची १			
क्र.सं.	शिर्षक	परिमार्जित दर रु.	रकम अक्षरुपी
१	**सम्पत्ति मुल्याङ्कन**		
	सम्पत्ति मुल्याङ्कन प्रति हजार	०.५०	**पचास पैसा**
२	**जग्गा मुल्याङ्कन**		
	प्रति हजार	०.५०	**पचास पैसा**
३	**आय श्रोत प्रमाणित सिफारिस**		
	आय श्रोत प्रमाणित प्रति लाख	५०	**पचास रुपैया**
४	**घडेरी प्लटिङमा नयाँ बाटा खोल्न लगत कट्टा गर्दाको सिफारिस**		
	० देखी २ कट्टा सम्म	५००	**पाँच सय**
	२ कट्टा देखि ५ कट्टा सम्म	२,०००	**दुई हजार**
	५ कट्टा देखि माथि	५,०००	**पाँच हजार**
	प्लानिङ्ग बाहेक बिगत देखी सार्वजनिक प्रयोगका लागी बनेका बाटाहरुमा	१००	**एक सय**
घर जग्गा कर			
१	पहिलो रु.२,५०,०००। सम्म	३५	पैतिस रुपैया
२	५ लाख सम्म	८०	असी रुपैया
३	१० लाख सम्म	१३०	एक सय तीस रुपैया
४	१५ लाख सम्म	२००	दुई सय रुपैया
५	२० लाख सम्म	३००	तीन सय रुपैया
६	२५ लाख सम्म	४००	चार सय रुपैया
७	३० लाख सम्म	५००	पाच सय रुपै
८	३० लाख देखि ५० लाख सम्म	०.०२५%	शुन्य दशमलव शुन्य दुइ पाँच प्रतिशत
९	५० लाख १ करोड सम्म	०.०३० %	शुन्य दशमलव शुन्य तीस प्रतिशत
१०	१ करोड देखि माथि	०.०४०%	शुन्य दशमलव सुन्ना चालिस प्रतिशत

अनुसुची २

१. मालपोत तथा भूमिकर :

मालपोत	अवल	दोयम	सिम	चाहर
प्रतिकठ्ठा	रु. ५ ।-	रु.४।-	रु.३।-	रु.२।-
भूमिकर प्रतिकठ्ठाको रु. १०।००				

नोट १ : मालपोतको कुल अंक प्रति बर्ष प्रति जग्गाधनी रकम रु. १० भन्दा कम हुन आएमा न्यूनतम वार्षिक मालपोत अंक रु. १०।०० कायम गरी असुल गरिने छ ।

नोट २ : मालपोत रकम असुली गर्दा चालु आर्थिक बर्षको असार महिनाको १ देखि १५ गते भित्र ५ प्रतिशत, र असार १६ गतेदेखि मसान्तसम्म १० प्रतिशत जरिवाना लगाइने र त्यस पछिको पहिलो बर्षमा २० प्रतिशत तथा दोश्रो बर्षमा ३० प्रतिशत, तेश्रो बर्ष ४० प्रतिशत, चौथोमा ५० प्रतिशत, पाँचौमा ६० प्रतिशत, छैटौमा ७० प्रतिशतका दरले क्रमशः प्रतिबर्ष १० प्रतिशतका दरले जरिवाना बृद्धि गरी असुल गरिने छ ।

अनुसूची ३

क्र.सं.	दस्तुर, कर, शुल्क महशुल शिर्षक	दर
१	**बहाल कर**	
	घर बहाल कर बार्षिक सय कडा	२ प्रतिशत
	जग्गा वहाल कर	१ प्रतिशत
२	**बसपार्क/वर्कसप/उद्योग/व्यवसाय जग्गा भाडा सार्वजनिक जग्गा**	
	प्रति बर्गफिट न्युनतम	१ /००

अनुसूची - ४
व्यवसाय करको दररेट

सि.नं.	व्यवसायको नाम	आ.व. २०७४।०७५
१	मदिरा पसल	
१.१	मदिरा कोक फेन्टा एजेन्सी	५००।-
१.२	माछा,मासु मदिरा पसल	३००।-
२	सुन चादी पसल	
२.१	२ लाख भन्दा माथी	५००।-
२.२	२ लाख सम्म	३००।-
३	भिडीयो क्यासेट,सि.डी. रेकर्डर तथा विकेता	२००।-
४	निर्माण सामग्री पसल	
४.१	२ लाख भन्दा माथी	५००।-
४.२	२ लाख सम्म	३००।-
५	हार्ड वेयर फलाम इलेक्ट्रीक पसल	
५.१	१ लाख भन्दा माथी	४००।-
५.२	१ लाख सम्म	२००।-
६	कम्प्यूटर टि.भी.मोवाईल कैमरा पसल	५००।-
७	इलेक्ट्रीक पसल	
७.१	५० हजार भन्दा माथी	४००।-
७.२	५० हजार सम्म	२००।-
८	कार्पेट पसल	
८.१	१ लाख भन्दा माथी	३००।०
८.२	१ लाख सम्म	२००।०
९	पेट्रोलियम पदार्थ	
९.१	डिजेल,पेट्रोल, मोविल भएको	५००।-
९.२	डिजल वा मट्टीतेल भएको	३००।-
१०	किराना पसल	
१०.१	१ लाख भन्दा माथी	४००।-
१०.२	१ लाख सम्म	२००।-
११	कपडा पसल	
११.१	१ लाख भन्दा माथी	५००।-
११.२	१ लाख सम्म	३००।-
१२	रेडीमेड कपडा पसल	
१२.१	१ लाख भन्दा माथी	५००।-
१२.२	१ लाख सम्म	३००।-
१३	सवारी साधन विकेता	
१३.१	ट्याक्टर विकेता	२०००।००
१३.२	मोटरसाईकल विकेता	१५००।००
१४	विशषज्ञ,परामर्श तथा अन्य व्यवसायी	
१४.१	चिकित्सक, कविराज, दन्त चिकित्सक, पशु चिकित्सक	५००।००

१४.२	ईन्जिनियर पेशामा	५००।००
१४.३	कानून व्यवसायी पेशामा	५००।००
१४.४	लेखा परिक्षक पेशामा	५००।००
१४.५	विमा एजेन्ट पेशामा	५००।००
१४.६	सर्भेयर (अमिन पेशा)मा	५००।००
१५	निर्माण व्यवसायी ठेकेदार व्यवसाय	१५००।००
१६	उत्पादन मूलक उद्योग	१०००।००
१७	उर्जा मूलक उद्योग	१०००।००
१८	कृषि तथा बन्य जन्य उद्योग	
१८.१	स:मिल (काठ चिरान)	१५००।००
१८.२	कृषि उपज ख.वि.गल्लाभण्डार	८००।००
१९	खनिज उद्योग	१०००।००
२०	पर्यटन उद्योग	
२०.१	होटल तथा लज भएको (बास वस्ने)	१०००।-
२०.२	लज (वास वस्ने) मात्र	५००।-
२०.३	होटल (खाना खाने)भोजनालय	३००।-
२०.४	रेष्टुरेण्ट एण्ड वार	१०००।-
२०.५	ट्राभल एजेन्सी	१०००।-
२१	सेवा मुलक व्यवसाय	
२१.१	छापाखाना (प्रेस)	
२१.१.१	१ लाख भन्दा माथी	५००।-
२१.१.२	१ लाख सम्म	३००।-
२१.२	चलचित्र सिनेमा हल	१५००।-
२१.३	फोटोकपी तथा फोटो स्टुडियो	
२१.३.१	फोटोकापी मसिन भएको	५००।-
२१.३.२	फोटो स्टुडियो	२००।-
२२	निर्माण उद्योग	२०००।-
२३	संचार सेवा	२०००।-
२३.१	छपाई तथा प्रकाशन	८००।-
२३.२	निजी क्षेत्रको टलीफोन वुथ इन्टरनेट	३००।-
२३.३	निजी हुलाक कुरियर सेवा	२००।-

२४	वित्तिय सेवा	
२४.१	निजी आर्थिक कारोवार गर्ने बैक	३०००।-
२४.२	वित्तिय संस्थाको मुख्य कार्यालय	१५००।-
२४.३	वित्तिय संस्थाको शाखा कार्यालय	१०००।-
२४.४	विमा कम्पनी	१०००।-
२४.५	विदेशी मुद्रा सटही	१०००।-
२४.६	धितोपत्र कारोवार	१०००।-
२४.७	सहकारी बैक	१०००।-
२५	स्वास्थ्य सेवा	
२५.१	गैर सरकारी अस्पताल	१५००।-
२५.२	नसिंड.होम	१५००।-
२५.३	क्लिनिक तथा ल्याव	५००।-
२६	शिक्षा सेवा	
२६.१	निजी क्षेत्रका क्याम्पस स्तर	२०००।-
२६.२	,, ,, मा.वि. स्तर	१५००।-
२६.३	,, ,, आधारभूत स्तर	५००।-
२६.४	तालिम तथा अनुसंधान केन्द्र	५००।-
२७.	मर्मत सम्भार सेवा उद्योग	
२७.१	बस ट्रक ट्याक्टर मर्मत पसल	५००।००
२७.२	कार,जिप,टेम्पो,टेक्सी मर्मत पसल	३००।००
२७.३	मोटरसाईकल मर्मत पसल	२००।००
२७.४	साईकल मर्मत पसल	१००।००
२७.५	रेडियो टी.भी. मर्मत पसल	२००।००
२७.६	घडी मर्मत पसल	१००।००
२७.७	प्रेसरकुकर,गैसचुल्हा मर्मत पसल	१००।००
२७.८	विद्युत सा.मर्मत पसल(घरवाईरिग)	२००।००
२८.	अन्य सेवा	
२८.१	विज्ञापन सेवा	५००।००
२८.३	बैदेशिक रोजगार	१०००।००

२८.३	स्वदेशी रोजगार	२००।००
२९.	सूचीकार (टेलरिङ पसल)	
२९.१	२ भन्दा बढी मसिन भएको	३००।-
२९.२	२ वटा मसिन सम्म	२००।-
३०	हजाम पसल सैलुन	
३०.१	व्यूटी पार्लर पसल	३००।-
३०.२	सैलुन (हजाम पसल)	१००।-
३१	साईनबबोर्ड वनाउने पेन्टर कलाकार	२००।-
३२	मासु विकेता पसल	३००।-
३३	फुल तथा विरुवा विक्रि पसल	२००।-
३४	सिसा प्लाई वोड पसल	
३४.१	१ लाख भन्दा माथी	४००।००
३४.२	१ लाख सम्म	२००।००
३५	स्टील तथा काष्ठ फर्निचर	
३५.१	१ लाख भन्दा माथी	४००।००
३५.१	१ लाख सम्म	२००।००
३६	भाडा वर्तन पसल	
३६.१	१ लाख भन्दा माथी	३००।००
३६.२	१ लाख सम्म	२००।००
३७	खिलौना गिफट उपहार पसल	२००।००
३८	केवुल नेट वर्क सर्विस	५००।००
३९	पान पसल	
३९.१	१ लाख सम्म	२००।-
३९.२	५० हजार भन्दा माथी	१००।-
४०	जुत्ता चप्पल पसल	
४०.१	१ लाख भन्दा माथी	४००।-
४०.२	१ लाख सम्म	२००।-
४२	जुत्ता चप्पल वनाउने पसल	२००।-
४३	पुस्तक तथा स्टेशनरी पसल	
४३.१	१ लाख भन्दा माथी	३००।-
४३.२	१ लाख सम्म	२००।-

४४	औषधी पसल	
४४.१	१ लाख भन्दा माथी	४००।-
४४.२	ख.श्रेणी १ लाख सम्म	२००।-
४५	चश्मा पसल	२००।-
४६	मनिहारा पसल	
४६.१	थौक विकेता	४००।-
४६.२	खुद्रा विकेता	२००।-
४७	मिठाई पसल	
४७.१	५० हजार भन्दा माथी	३००।-
४७.२	५० हजार सम्म	२००।-
४८	मोटरसाईकल एसपेयरपार्ट विकेता	
४८.१	१ लाख भन्दा माथी	४००।-
४८.२	ख.श्रेणी १ लाख सम्म	२००।-
४९	साईकलको एसपेयर पार्ट विकेता	
४९.१	५० हजार भन्दा माथी	२००।-
४९.२	५० हजार सम्म	१००।-
५०	लेथ तथा वेल्डींग	
५०.१	लेथ तथा वल्डींगको कार्य भएको	४००।-
५०.२	वेल्डींग को कार्य मात्र भएको	३००।-
५१	चदरा तथा टिनको वाकस पेटी विकीपसल	
५१.१	५० हजार भन्दा माथी	४००।-
५१.२	५० हजार सम्म	२००।-
५२	सिंगार फैन्सी स्टोर	
५१.१	५० हजार भन्दा माथी	३००।-
५१.२	५० हजार सम्म	१५०।-
५३	खेलकुद सामग्री पसल	२००।
५४	कृषि मल खाध किटनाशक पसल	३००।-
५५	पापर चिप्स वनाउने उद्योग	३००।-
५६	घरेलु साना उद्योग	
५६.१	अगरवति, वनाउने	३००।-
५६.२	मोमवती वनाउने	३००।-

५६.३	चुडी लहठी वनाउने	२००।-
५७	कुखरा पालन पोल्टी फर्म	३००।-
५८	खसी वंगुर पालन	
५८.१	१ लाख भन्दा माथी	४००।-
५८.२	१ लाख सम्म	२००।-
५९	भैसी तथा गाई पालन	
५९.१	२ लाख भन्दा माथी	२००।-
५९.२	२ लाख सम्म	१००।-
६०	आईस बरफ फैक्ट्री	
६०.१	१ लाख भन्दा बढी	४००।-
६०.२	ख.श्रेणी १ लाख सम्म	२००।-
६१	च्यूरा मुरही तथा सेलर मिल उद्योग	
६१.१	१ लाख भन्दा बढी	६००।-
६१.२	१ लाख सम्म	४००।-
६२	धान कुटने,आटा तथा मसाला पिस्ने मिल	
६२.१	१ लाख भन्दा बढी	४००।-
६२.२	१ लाख सम्म	३००।-
६३	तेल तथा मसाला उद्योग	
६३.१	१ लाख भन्दा बढी	४००।-
६३.२	१ लाख सम्म	३००।-
६४	घरेलु सामग्री उत्पादन उद्योग	
६४.१	१ लाख भन्दा बढी	३००।-
६४.२	१ लाख सम्म	२००।-
६५	जेनरल स्टोर	
६५.१	१ लाख भन्दा बढी	५००।-
६५.२	१ लाख सम्म	३००।-
६६	धोवी पसल	१००।-
६७	पेन्टर कलाकार आर्टमा	१००।-
६८	चिया नास्ता पसल	
६८.१	२५ हजार भन्दा बढी	२००।-
६८.२	ख.श्रेणी २५ हजार सम्म	१००।-

६९	तारी पसल	१००।-
७०	मनि ट्रान्सफर	४००।-
७१	गैस सव डिलर	३००।-
७२	टेन्ट हाउस	
७२.१	पण्डाल वनाउने टेण्टहाउस	४००।-
७२.२	टेण्ट हाउस	२००।-
७३	गिटी वालुवा,ढुगा स्टोकगरी विक्रि गर्ने	२००।-
७४	शिपमूलक कार्य संचालन गर्ने	२००।-
७५	छुट फुट अन्य व्यवसाय तर्फ	
७५.१	१ लाख भन्दा बढी	२००।-
७५.२	१ लाख सम्म	१००।-
७६	इटा उद्योग चिम्नी भट्टा	
७६.१	दर्ता सिफारिस	२०००।००
७६.२	वार्षिक कर	५०००।००
७७	छुट फुट उद्योगमा	
७७.१	१ लाख भन्दा बढी	३००।-
७७.२	१ लाख सम्म	२००।-
७८	छुट फुट साना हस्तकला उद्योगमा	२००।-
७९	ई रिक्सा तथा टेम्पु दर्ता दस्तुर वार्षिक	३००।-

अनुसूची ५

जडीबुटी, कवारी र जिव जन्तु कर

क्र.सं.	दस्तुर, कर, शुल्क, महशुल शिर्षक	करको दर
१	उनको व्यवसाय	५००
	जडीबुटीको व्यवसाय	५००

	कवारी माल	१५००
	हाड, सिङ, प्वाँख, छाला	५००

अनुसूची- ६

सवारी कर

क.सं.	सवारीको किसिम	वार्षिक	पटके
१	ट्रक, टीप्परवाट वालुवा गीटी ढुवानी गर्दा प्रति ट्रिप		२०।-
२	बस तथा हेवी सवारी	१०००।-	०
३	ट्रेक्टर	३००।-	०
४	कार जिप टेम्पो टेक्सी हलुका सवारी	३००।-	०
५	टेम्पो, ई.रिक्सा	१५०।-	०
६	भारतीय सवारी साधन कार तथा जीप, बस, ट्रक लगायत (जलेश्वर मटीहानी सडक खण्डको ब्रम्हस्थान तथा रामजानकी पथको विगही पुल भन्दा माथि प्रवेश गर्दा		१०।००

अनुसूची- ७
विज्ञापन कर

क्र.सं.	विवरण	प्रतिवर्ग फिट रु	वार्षिक
१	मादक पदार्थ धुम्रपान		
	क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड / ग्लो		५०।-
	ख) भित्ते लेखन		२५।-
	ग) तुल व्यानरमा	२०।-	
२	होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन		
	क) होडिंगवोर्ड / डि.पि.एस.वोर्ड / ग्लो		४०।-
	ख) भित्ते लेखन		१५।-
	ग) तुल व्यानरमा	१५।-	
३	अन्य		

	क) होडिंगवोर्ड / डि.पि.एस.बोर्ड/ नलों ख) भित्ते लेखन ग) तुल व्यानरमा	 १५।-	३०।- ८।-

नोट :-

सार्वजनीक स्थानमा राखिएको विज्ञापन सामग्रिमा माथि उल्लेखित दररेटमा १० प्रतिशत थप गरिने छ ।

- जनचेतना अभिवृद्धिमुलक सूचना तथा प्रचार प्रसारमा विज्ञापन कर लिइनेछैन ।
- उल्लेखित कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।
- स्वीकृति नै नलिई विज्ञापन गर्नेलाई लाग्ने करको १० प्रतिशत बराबर जरिवाना लिइनेछ ।
- निजि स्वामित्वको स्थानमा विज्ञापन गर्दा सहमति प्राप्त गर्नु पर्नेछ । त्यस्तो ठाउमा गरिने विज्ञापन करमा ५० प्रतिशत छुट दिईनेछ ।
- व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचय पाटीको हकमा उल्लेखित विज्ञापन कर लगाइने छैन ।
- स्वीकृती प्राप्त समयावधिमा पुन : समय थप गर्नु पर्ने भै समयावधि थपका लागि समयमै नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ ।
- विज्ञापन गर्ने स्वीकृत समयावधि समाप्त हुदा गरिएको विज्ञापन स्वयंले हटाउनु वा मेटाउनु पर्नेछ ।
- सार्वजनिक स्थलमा गरिने विज्ञापनमा स्थलगत महत्वको पक्षलाई नीतिगत रुपमा प्रष्टयाउदै लगिनेछ ।
- न.पा.द्वारा प्रकाशित हुने वुलेटिनमा दिईने विज्ञापनको शुल्क न.पा.को निर्णयानुसार लिइनेछ

अनुसूची ८

क्र.सं.	दस्तुर, कर, शुल्क महशुल शिर्षक	प्रति दिन	दर	कैफियत
१	जादु, चटक, सर्कस र रमाईलो मेला		५०	
२	मानोरञ्जन कर			
२.१	चलचित्र हल व्यवसाय (वार्षिक)		१५००	

अनुसूची- ९
वहाल विटौरी कर :-

१. नगरपालिको स्वामित्वमा रहेका सेड तथा पसल वन्दोवस्ती गर्दा प्रति सेड पसल घरको रु. १०००।००

अनुसूची- १०
पार्किङ शुल्क :

यस नगरपालिकाको सडकहरु व्यवस्थित गरि पार्किंग स्थलहरु तोकेपछि देहायका सवारीसाधनमा निम्न वमोजिम पार्किंग शुल्क लिने निर्णय गरि कर निर्धारण गर्न निर्णय गरिएको छ ।

सि. नं.	सवारीको किसिम	पार्किङ समय	दर	
			स्वदेशी	विदेशी
१	वस ट्रक जस्ता ठुला हेभी सवारी	२ घण्टा सम्म २ घण्टा भन्दा वढि	१०।- १५।-	१५।- २०।-
१	मिनि वस, मिनि ट्रक, जिप,कार,टेक्सी,टेम्पो जस्ता मझौला सवारी	२ घण्टा सम्म २ घण्टा भन्दा वढि	५।- १०।-	१०।- १५।-

३	स्कुटर, मोटरसाईकिन, साइकिल, टांगा,रिक्सा, ठेगागाडा आदि	२ घण्टा सम्म २ घण्टा भन्दा वढि	२।०० ३।००	३।०० ५।००

अनुसूची- ११
नक्सा पास दस्तुर

११.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

सि.नं	भवनको प्रकार	वेसमेन्ट तल्ला	भूईतल्ला (प्रति वर्ग फिट रु.)	पहिलो तल्ला (प्रति वर्ग फिट रु.)	दोस्रो तल्ला (प्रति वर्ग फिट रु.)	तेस्रो तल्ला र सो भन्दा माथि (प्रति वर्ग फिट रु.
१	आर .सि.सि.पिल्लर भएको	।७५	१।००	१।५०	२।००	२।५०
२	ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको)	-	।७०	१।००	१।५०	-
३	सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको)	-	०।५०	।७५	-	-
४	पटाहाको घेराबेरा लगाएतका कच्ची भवन	-	०।२५	।५०	-	-

सि.नं.	कम्पाउन्डवालको प्रकार	प्रति रनिङ फिट रु.
१	सिमेन्ट जोडाईको कम्पाउन्डवाल	१।००
२	माटो जोडाईको कम्पाउन्डवाल	।५०
३	तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ)	५।००

११.२ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

सि.नं	भवनको प्रकार	मटिहानी जलेश्वर सडकमा जोडिएको तथा बजार क्षेत्रमा वन्ने घर दर प्रति बर्ग फुट (रु.मा)	अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा)	भित्री बाटो तथा बस्तीमा वन्ने घर दर प्रति बर्ग फुट (रु.मा)
१	आर .सि.सि.पिल्लर भएको			

१.१	वेसमेन्ट तल्ला	२१००	१११००	१५०
१.२	भूईतल्ला	२१५०	१११५०	१११००
१.३	पहिलो तल्ला	३१००	२१००	१११५०
१.४	दोस्रो तल्ला	३१५०	२१५०	२१००
१.५	तेस्रो तल्ला र सो भन्दा माथि	४१५०	३१००	२१५०
२	ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर.सि.सि.को छानो भएको)			
२.१	भूईतल्ला	१११००	१७५	१५०
२.२	पहिलो तल्ला	२१००	१११५०	१११००
२.३	दोस्रो तल्ला			
३	सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो -जस्ता वा टायलको छानो भएको)			
३.१	भूईतल्ला	२१००	१११७५	१११५०
३.२	पहिलो तल्ला	३१००	२१५०	२१००
४	पटाहाको घेराबेरा लगाएतका कच्ची भवन			
४.१	भूईतल्ला	१११००	१११००	१११००
४.२	पहिलो तल्ला	१११५०	१११५०	१११५०
सि.नं.	कम्पाउन्डवालको प्रकार			
१	सिमेन्ट जोडाईको कम्पाउन्डवाल	३१००	३१००	३१००
२	माटो जोडाईको कम्पाउन्डवाल	१११००	१११००	१११००
३	तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ)	५०१००	५०१००	५०१००

११.३ कच्ची घर तथा संरचना निर्माण प्रयोजनका लागि

१	पक्कि खपडा घर प्रति वर्ग फिट	रु. १।-
२	कच्चि खपडाको घर इजाजत दस्तुर	रु. ५००।-
३	फुसको घरको ईजाजत दस्तुर	रु. ३००।-
४	अन्य नक्शा सम्वन्धि कागजात प्रतिलिपी दस्तुर	रु. ५०।-
५	घर नक्शाको प्रतिलिपी दस्तुर	रु. ३१०।-

अनुसूची : १२
सिफारिश तथा अन्य सेवा शुल्कको दर :

सि.नं.	विवरण	रकम
१	नेपाली नागरिकता सिफारिस	
	क) वंशज	१००।००
	ख) वैवाहिक अंगिकृत	१००।००
	ग) प्रतिलिपि	१००।००
२	राहदानी सिफारिश	१५०।००
३	नाता प्रमाणित सिफारिश	
	क) नेपालीमा (मृतक संग)	१००।००
	ख) नेपालीमा (अन्य संग)	२००।००
	ग) अग्रेजीमा	५००।००
४	नाम थर संशोधन सिफारिस	१००।००
५	विधुत/धाराको सिफारिश	
	क) घरायसी/कृषि	१००।००
	ख) व्यापारिक	२००।००
	ग) साना औद्योगिक	१,०००।००
	घ) ठुलो औद्योगिक	५,०००।००

६	विधुत/धारा नामसारी सिफारिस	१५०।००
७		
८	बसोबास प्रमाणित सिफारिश	
	क) वैदेशिक प्रयोजन	३००।००
	ख) स्वदेशी प्रयोजन	१००।००
९	जन्म मिति प्रमाणित सिफारिस	
	अग्रेजीमा	२००।००
	नेपालीमा	१००।००
१०	जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर	११०।००
११	घर निर्माण सम्पन्न सिफारिसप्रति तल्ला	१००।००
१२	घर नक्सा पास नामसारी	
	क) कच्ची घर	५०।००
	ख) १ तल्ले सम्मको पक्की घर	५००।००
	ग) २ तल्ले सम्मको पक्की घर	१०००।००
	घ) २ तल्ले भन्दा बढिको पक्की घर	३,०००।००
१३	घर कायम सिफारिश	
	क) पक्की	२००।००
	ख) कच्ची/साधारण	१००।००
१४	घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमका	प्रति लाख ५०।००
	घरबाटो प्रमाणित	२००।००
१५	चारकिल्ला प्रमाणित प्रति कित्ता	१००।००
१६	घरजग्गा नामसारी सिफारिश	१००।००
१७	छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कट्ठा)	२००।००
१८	छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा)	२००।००
१९	विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा)	२००।००

२०	विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश	२००।००
२१	विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा)	२००।००
२२	मोही नामसारी सिफारिश	२००।००
२३	पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.)	२।००
२४	कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.)	१।००
२५	अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेक	५००।००
२६	संस्था दर्ता तथा सिफारिस तर्फ	
२६.१	नयाँ संस्था दर्ता	५१०।००
२६.२	सस्था नविकरण सिफारिस शुल्क	५००।००
२७	नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर	५१०।००
२८	निजी विद्यालय संचालन सिफारिश	५१०।००
२९	निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश	५१०।००
३०	दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस	१००।००
३१	चारित्रिक सिफारिस दस्तूर न.पा . वाहिर	२००।००
३२	चारित्रिक सिफारिस दस्तूर न.पा. भित्र	१००।००
३३	भारत जाने सिफारिस	१००।००
३४	अन्य मुलुक जाने सिफारिश	२००।००
३४	व्यक्ति प्रमाणित	१००।००
३५	मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा)	२००।००
३६	अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा)	२००।००
३७	विवहा सिफारिश(व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा)	२००।००
३८	वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश	२००।००
३९	पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश	१००।००
४०	परिचय सिफारिश	१००।००
४१	पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश	१००।००

४२	छात्रवृति सिफारिश	निशुल्क
४३	उपचार सहयोग सिफारिश	निशुल्क
४४	बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा	१००।००
४५	उद्योग स्थापना एवं ठाँउसारी सिफारिश	
	ठुला	२,०००।००
	मझौला	१,०००।००
	सानो	५००।००
	घरेलु	२००।००
४७	चारित्रिक सिफारिश	१००।००
४८	जग्गा सम्बन्धि अन्य सिफारिश (हकभोक समेत)	३००।००
४९	सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश	१००।००
५०	दैवी विपत्ति वा भवितव्य परेको सिफारिश	निशुल्क
५१	हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश	१००।००
५२	पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश	१००।००
५३	न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश	१००।००
५४	परिवार ल्याएको ।नल्याएको सिफारिश	१००।००
५५	विदेशी संग विवहा दर्ता सिफारिश (भारत वाहेक)	५००।००
५६	मोवाइल टावर इजाजत सिफारिस	५,०००।००
५७	पेट्रोल पम्प स्थापना सिफारिस	२,०००।००
५८	अपुताली प्रमाणित	
	क) नेपालको लागि	१,०००।००
	ख) विदेशको लागि	२,०००।००
	नोटः असहाय विधवा, अति विपन्न तथा गरिव, शारिरीक रुपले अशक्तलाई नागरिकता, नगरिकता प्रतिलिपी तथा राहदानी सिफारिसमा लाग्ने सिफारिस दस्तुरको ५० प्रतिशत छुट हुने ।	

अन्य सेवा शुल्क तथा दस्तुर

१	अमिन सेवा शुल्क (सार्वजनिक सम्पति वाहेक)	५००।-	

२	उजुरी दर्ता ,,	१००।-	
३	मुद्धा दर्ता गराउदा ,,	४००।-	
४	मरेको गाई भैंसी आदी फाल्दा	२००।-	

पंजिकरण तर्फको दस्तुर

१)व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता गराउदा .....निशुल्क
सो भन्दा पछि ७० दिन सम्म .....रु.१०।००
सो पछि ..... रु.५०।००.
२) प्रतिलिपी ..... रु.१०।००

शौचालय सफाई शुल्क दररेट

१) नगर क्षेत्र भित्र प्रति ट्रिप रु. १२००।-
२) नगरक्षेत्र भन्दा बाहिर प्रति ट्रिप रु. १५००।-

मरमत सुधार शुल्क :

यस नगरपालिकाको सडक, ढल, पेटि, व्याक गल्लि सरसफाई एवं धारा, वत्ति आदिका मर्मत संभारका हरेक घरधुरीसँग रु. १०।०० वार्षिक मरम्मत सुधार शुल्क लिने निर्णय गरियो ।

पशुहाट वजार :

१. खसि, वाखा, भेराभेरी खरिद विक्रि गर्दा प्रति सयकडा रु. २।-		
क)	क) खरिद गर्नेसँग सयकडा	रु. १।-
ख)	ख) विक्रि गर्नेसँग सयकडा	रु. १।-

मेला तथा हाटवजार सेवा शुल्क :

सि.नं.	विवरण	सेवा शुल्क

१	आलु, प्याज १०० के.जि. भएको वोरा प्रति दिन	४०।–
२	खुर्सानी वेसार पसलमा	४०।–
३	खाद्यान तर्फ :	
	क. विभिन्न किसिमको खाद्यान वेच्ने ठुलो पसलमा	३५।–
	घ. विभिन्न किसिमको खाद्यान वेच्ने सानो पसलमा	२५।–
४	खुद्रा तरकारी विक्रि गर्ने पसल :	
	क. साग सवजी पसलमा	४०।–
	ख. विभिन्न किसिमको तरकारी वेच्ने पसलमा	३०।–
५	कुम्हाले पसलमा	२५।–
६	धातुको भाडा वर्तन वेच्ने पसलमा	२५।–
७	वैलगाडामा दाउरा ल्याई वेच्ने सँग प्रति गाडा	१००।–
८	कपडा वेच्ने पसलमा	४५।–
९	रेडिमेट चादर गंजी, वेच्ने पसलमा	४५।–
१०	मिठा वेच्ने सँग प्रति चेकीमा	४०।–
११	ताडी पसलमा	२५।–
१२	मुरही कचरी वेच्ने पसलमा	२०।–
१३	हवाई मिठाई वेच्ने पसलमा	३०।–
१४	डोरी पगहा वेच्ने पसलमा	१५।–
१५	मुर्गा हास, परेवा विक्रि गर्नेसँग प्रति थानमा	५०।–
१६	अण्डा वेच्नेसँग प्रति क्यारेट	१।–
१७	चुरी लहठी वेच्ने प्रति पसलमा	३०।–
१८	मट्टितेल खाने तेल, नुन वेच्नेसँग	१५।००
१९	नाग्लो, छिटि आदि वेच्ने पसलमा	५०।–
२०	चिउरा वेच्ने पसलमा	३०।–
२१	चटाई वेच्ने सँग प्रति गोटा	२०।–
२२	सुर्ति वेच्ने पसलमा	२०।–
२३	फलफुल वेच्ने पसलमा	४०।–
२४	पानको पात वेच्ने पसलमा	१५।–
२५	दाउरा भरिया १ मा	५।–
२६	माछा पसलमा :	
	क. २ के.जि. देखि १० के.जि. सम्ममा	१५।–
	ख. ११ के.जि. देखि २० के.जि. सम्ममा	३०।–
	ग. २१ के.जि. देखि ३० के.जि. सम्ममा	४०।–
	घ. सो भन्दा माथि वेच्ने सँग	५०।–
२७	मिठाई पसलमा	५०।–
२८	मासु विक्रि गर्नेसँग प्रति वोका, खसीमा	६०।–
२९	लटगेना पसलमा	३५।–
३०	हजाम पसलमा	२०।–

३१	वोका, वाखाको छाला वेच्नेसँग प्रति १ थानमा	
	क) खरिद गर्नेसँग	५।–
	ख) विक्रि गर्नेसँग	५।–
३२	भैसी रागाको छाला प्रति १ थानमा	
	क) खरिद गर्नेसँग	५।–
	ख) विक्रि गर्नेसँग	५।–
३३	लोहार पसलमा	३०।–
३४	चमार पसलमा	१५।–
३५	उखु वेच्ने सँग प्रति १ वोझामा	१५।–
३६	सावेको डोरी विक्रि गर्नेसँग प्रति पसल प्रति दिन	१५।–
३७	सावेको वोझा वेच्नेसँग प्रति वोझामा	१५।–
३८	पल्ला गरि खाद्यान खरिद गर्नेसँग प्रतिवोरा प्रति १००	२०।–
३९	के.जि.मा	२०।–
४०	रिवन, चोटी आदि वेच्ने पसलमा	१५।–
४१	मुसामार्ने औषधी पसलमा	२०।–
४२	वजारमा प्रचार प्रसार गर्नेसँग	५०।–
४३	चटके खेल, तमासा देखाउने सँग	२५।–
४४	विउ, बिजन विक्रि पसलमा	२५।–
४५	पुस्तक पसलमा	२५।–
४६	पिनी, पतरक वेच्ने पसलसँग	२०।–
४७	सकरकन्द वेच्ने पसलसंग प्रति १०० के.जि.मा	१५।–
४८	पिठो वेच्ने पसलमा	३०।–
४९	खुन्चा राखी नास्ता वेच्ने पसलमा	३०।–
५०	अमलेट ध्वाल अण्डा वेच्ने पसलमा	
	एउटा पसलमा रहन वटा टोकरी भन्दा माथी टोकरीमा	४०।–
५१	सामान विक्रि गर्दा	५०।–
	कठघरा घुम्ती किराना पसल	
५१	अन्य छुटफुट पसलमा रु.१५।– देखि २५।– सम्म न.पा.ले किसिम हेरी कायम गर्ने छ । र रु. १०००।– सम्मको मालसमानमा रु. १५।– र सो भन्दा वढीमा रु. २५।	

दण्ड जरिवाना :

न.पा.ले आफुलाई प्राप्त अधिकार प्रयोग गरि गर्न सक्ने दण्ड जरिवानाको दर देहाय वमोजिम निर्धारण गरि लागु गर्ने निर्णय गरिएको छ ।

सि.नं.	कसुरको विवरण	इकाई	दण्ड जरिवानाको दर

१	स्वीकृत नक्शा र ईजाजत वेगर भवन निर्माण गरेमा	कानून अनुसार	कानून अनुसार
२	अर्कोलाई दुख दिने नियतले वाधा अवरोध हुने गरि निर्माण काम गरेमा	कानून अनुसार	
३	निर्दिष्ठ ठाउमा फोहर नफाली जथा भावी फालेमा	कानून अनुसार	
४	सार्वजनिक वाटो, स्थानमा अवरोध खडा गरेमा	कानून अनुसार	
५	सार्वजनिक सम्पति विगारे, अतिक्रमण गरे अपचलन गरेमा	कानून अनुसार	
६	छरछिमेकीको घर आंगनमा फोहर फाले वा वातावरण दुर्घन्धित हुने काम गरेमा	कानून अनुसार	
७	यन्त्र उपकरण वा मनोरंजन साधनवाट छरछिमेकि र समाजको शान्ति भंग हुने काम गरेमा	कानून अनुसार	
८	पसलहरुमा मूल्य सूची नराखेमा	कानून अनुसार	
९	प्रचलित ऐन नियम र आदेशको उलंघन गरेमा	कानून अनुसार	

सर सफाई शुल्क

१) राजमार्ग तथा बजार क्षेत्रमा प्रति घरधुरी मासिक रु. ५ (पांच रुपैया)

२) अन्य तथा भित्री बस्ती क्षेत्रमा प्रति घरधुरी मासिक रु. १ (एक रुपैया)

अनुसूची : १३

घर करको दर (प्रति बर्ष प्रति घर)

सि.नं.	घरको प्रकार	दर
१.	फुसको घर	रु. २०।००
२.	माटोको भित्ता र खपडाको छाना भएको घर	रु. ३५।००
३.	इटाको भित्ता र खपडाको छाना भएको घर	रु. ५०।००
४.	पक्की छत भएको पक्की घर	रु. १००।००